श्री डोहोटे सामुदायिक वन उपभेक्ता समुह
शि.न.पा.१२ डोहोटे अर्घाखाँची

पत्र सख्या - २०८२/०८३ मिति- २०८२/१२/०४

च. नं. - १६

बिषय - वेभसाईटमा सुचना अपलोड गरिदिने बारे ।

श्री बन तथा बाताबरण मन्त्रालय, राप्ती उपत्यका देउखुरी दाङ ।
श्री बन निर्देशनालय बुटबल, रुपन्देही ।
श्री डिभिजन बन कार्यालय, अर्घाखाँची ।

उपरोक्त सम्बन्धमा यस सामुदायिक बनको स्वीकृत बन कार्ययोजना बमोजिम छपान भै डिभिजन बन कार्यालय अर्घाखाँचीको संकलन सहमती अनुसार संकलन भै घाटगद्धी गरी राखेको काठ समुह बाहिर लिलाम बिक्रि गर्ने सिलसिलामा यस समुहबाट मिति २०८२/११/३० गते देखि लागु हुने गरी पहिलो पटक २१ दिने सुचना समेत प्रकाशन भै सकेकोले सो सम्बन्धी पुर्ण बिबरणको सुचना यसै पत्र साथ सम्लग्न छ नियमानुसार कार्यालयको वेभसाईटमा अपलोड गरि दिनु हुन सादर अनुरोध छ ।

रेशमराज बन्जाडे
अध्यक्ष

**रेशमराज बन्जाडे**
**अध्यक्ष**

रेशमराज बन्जाडे
अध्यक्ष

# श्री डोहोटे सामुदायिक वन उपभेक्ता समुह
## शितगंगा न.पा. १२ डोहोटे अर्घाखाँची
## काठ/दाउरा लिलाम सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित - २०८२/१२/०४ (मध्यान्ह राष्ट्रिय दैनिक)**

यस सामुदायिक बनको स्वीकृत बन कार्ययोजना बमोजिम डिभिजन बन कार्यालय अर्घाखाँचीबाट संकलन सहमती लिई संकलन गरेको काठ/दाउरा शितगंगा - १२ चौकीदमारमा घाटगद्धीमा रहेका निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ । काठ/दाउराको कारोबार गर्ने उदेश्यले स्थायी लेखा नम्बर (PAN) र मुल्यअभिवृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ सौ दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ ।

| सि. नं. | जात | लट नं. | ग्रेड | गो.थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति ईकाइ | |
|---|---|---|---|---|---|---|---|
| १ | साल | - | A | ९६ | १९२९.५८ | १२५०।- | **कटान मुछान खर्च** काठ रु.१८६।-प्रति क्यू.फि. दाउरा प्रति चट्टा रु. १८१५०।- |
| | | | B | १४२ | १४७७.९८ | ९००।- | |
| | | | C | ३४३ | १९१८.६० | ६००।- | |
| | | | D | १६६ | ४७०.०१ | ३००।- | |
| २ | असना | | A | ४ | १४१.६४ | ४००।- | |
| | | | B | ६ | ९७.६१ | ३००।- | |
| | | | C | ४१ | २६१.४३ | १००।- | |
| ३ | जामुन | | C | ३ | १०.८४ | १००।- | |
| ४ | बाँझी | | - | ८ | ३३.१३ | १००।- | |
| ५ | साल दाउरा २३.७५ चट्टा | | | | | १२०००।- | |
| ६ | अन्य दाउरा ७.०० चट्टा | | | | | ४०००।- | |

१. बोलमत्र खरिद गर्ने अन्तिम मिति र समय २०८२/१२/२४ गते कार्यालय समय भित्र । (बिदा परे सो को भोलि पल्ट)

२. बोलमत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८२/१२/२५ गते दिनको १.०० बजे सम्म ।

३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -

**(क) समुहको कार्यालय । (ख) डिभिजन बन कार्यालय अर्घाखाँची ।**

४. बोलपत्र साथ कबोल गरेको रकमको १०% हुन आउने रकम यस सामुदायिक बनको नाममा रहेको रा. बा. बैंक शाखा कार्यालय सन्धिखर्क अर्घाखाँचीमा रहेको खाता नं. ३०५०१००००३२०७००१ मा जम्मा गरेको सक्कल **भौचर नै** पेश गर्नु पर्ने छ

**५. प्रति बोलपत्र बापत रु.२०००- लाग्ने छ र सो रकम पनि उपरोक्त बैक खातामा जम्मा गरेको भौचर पेश गरे पछि मात्र पाईने छ**

६. लिलाम हुने वन पैदावार शितगंगा १२ चौकीदमारमा रहेको घाटगद्धीमा स्थलगत रुपमा हेर्न सकिने छ ।

७. रितपुर्वक र न्युनतम सख्याको बोलपत्र पेश भएमा मिति २०८२/१२/२६ गते दिउसो ३.०० बजे समितिका पदाधिकारी, बन कर्मचारी, खरिदकार्ता प्रतिनिधि (उपस्थित नभए पनि) र अन्य व्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिने छ ।

८.लिलाममा भाग लिन चाहने व्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्बर(PAN) र **डिभिजन बन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको** को प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

९.सकार रकम अंक र अक्षेरमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ ।

१०. बोलपत्र सदर वा बदर गर्ने अधिकार यस सामुदायिक बन उपभोक्ता समुहलाई निहित रहने छ ।

११. लिलाम स्वीकृत भएको जानाकारी पाएको ४५ (पैतालिस) दिन भित्र सकार कर्ताले बन पैदावार नियमानुसार उठाई नलगेका निजको धरौटी रकम जफत गरी दास्रो हुनेलाई सो बन पैदावार उपलब्ध गराईने छ ।

१२. थप जानाकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।

१३. अन्य प्रचलित कानुन बमोजिम हुने छ ।

CamScanner